
**Gold Open Access**
Full contents are available in NepJOL(http://www.nepjol.info/index.php/DSAJ)
DOAJ (https://doaj.org/toc/1994-2672)

**Dhaulagiri Journal of Sociology and Anthropology**




# कुइरे सर

*दिलीप शाह*

**Article Info**
Received: March 25, 2023
Revised: May 21, 2023
Accepted: May 23, 2023
Available Online: June 13, 2023
**DOI**: https://doi.org/10.3126/dsaj.v17i02.55725

'कुइऱ्या आयाउ छ गरे । हेर्न जाने होइन ?'

२०७९ सालसम्म त जाजरकोटलाई बर्षेनी झाडापखाला लाग्ने जिल्ला, कुपोषण ग्रस्त जिल्ला, माओवादीको उद्‍गम स्थलमध्ये एक भनेर चिनिन्छ भने म २०३४ सालतिरको घटना केलाउने प्रयत्न गर्दैछु । त्यसबेलामा अस्पताल कुन चराको नाम हो ? जानकारी नभएकोले बिरामी पर्दा उपचार गराउने भरपर्दा डाक्टर भनेका धामीझाँक्री मात्र थिए । औषधिको नाममा बाजेबज्यैबाट सिकाइँदै आएका काठपाते मात्र उपलब्ध थिए । यसैले रुघाखोकीबाहेक अन्य रोगव्याधी लागेमा असमयमै टिकट काटिहाल्नुपर्थ्यो ।

चौरजहारीमा विमानस्थल त बनिसकेको थियो । तर नाम मात्रको । नेपाल वायुसेवा निगमको हप्तामा एक पटक उडान थियो, त्यो पनि ज्यादै अनियमित । विमानका सिटभरि रुकुम र जाजरकोटका कर्मचारी, नेताले बुक गरिहाल्थे । अर्थात् प्रमुख जिल्ला अधिकारीको सिफारिस नभई टिकट पाउनु भनेको जिउँदै स्वर्ग जानुबराबर हुन्थ्यो । यसैले यात्राका लागि सर्बसाधारणले एघार नम्बर गाडीको इन्जिन चलाउनुको विकल्प थिएन । दैनिक आवश्यकताका सामानहरू जस्तै नुनतेल, लत्ताकपडा आदि खरिद गर्न हाट (नेपालगञ्ज) जानुपर्ने बाध्यता थियो । हाट पुग्न वनजङ्गल, ओडार, खोलाको किनारमा बास बस्दै कममा सात दिन पैदल यात्रा गर्नुपर्थ्यो । यसरी यात्रा गरी हाट जाने यात्रुलाई हटारु भनिन्थ्यो । अद्यापि त्यस भेगका जनतालाई होच्याएर 'हटारु' भनी पुकारिन्छ ।

यातायातको यस्तो हबिगत थियो भने शिक्षा क्षेत्र अझै तन्नम थियो । जिल्लाभरिमा एउटा मात्र हाइस्कुल थियो । अचम्म नमान्दा हुन्छ, सम्पुर्ण जिल्लामा एसएलसी पास गर्नेको सङ्ख्या एउटै पञ्जामा अटाउँथे । त्योभन्दा माथि पढ्ने दुई औँलासम्म थिए कि ? धन्न ! स्कुल थियो र भगवान भरोसे चलेकै थियो ।

यस्तो जिल्लामा कुइरे (गोरो छाला भएका जतिलाई कुइरे भनिन्थ्यो ।) त्यो पनि केही वर्षलाई बस्ने गरी आएको हल्लाले सदरमुकाम तात्तियो । योभन्दा अगाडि विदेशीले पाइलो टेकेको त हुन सक्छ, लामो समयसम्म डेरा जमाएर बसेको मलाई सम्झना छैन । यसैले पनि उनका बारेमा उत्सुकता जाग्नु स्वभाविकै थियो । उनी बसेको ठाउँमा खलङ्गाबासी, खासगरी केटाकेटीको जलसा लाग्न थाल्यो । 'कुइरेलाई पनि नेपाली बोल्न आउँदो रहेछ । हामीजस्तै गरी खाने रहेछ । लाउँदो रहेछ ।' केही दिनसम्म खलङ्गा कुइरेमय भयो ।

यी कुइरे थिए, ग्रेगरी सर । पछि हामी श्रद्धापूर्वक ग्रेग सर भनी पुकाथ्यौं ।

मैले भनिहालेँ, जाजरकोट अन्धकार युगमा थियो । सदरमुकामभरिमा ईश्वरी जिजुबुवाको एउटा मात्र चिया पसल थियो । खानेबस्ने होटलको त कल्पनासम्म गर्न सकिँदैनथ्यो । गाउँबाट विभिन्न काम लिई मानिस सदरमुकाम आउँदा आफ्नै सामल बोकी आउँथे र चिनजानका घरमा पाहुना बस्थे ।

'शिक्षादानजस्तो पवित्र काम गर्न आएका सरलाई बस्नेखाने व्यवस्था त मिलाउनुपऱ्यो । हाम्रो भान्सामा जे पाक्छ, त्यही खालान् । कोइऱ्यालीको घरको एउटा कोठामा बस्लान् ।' हाम्रो घर अलि ठूलो थियो । खाना त दालभात, रोटी नै खाने हो ।

This work is licensed under the https://creativecommons.org/licenses/by-nc-sa/4.0/© Dilip Shah
Email: dilip.shah_jajarkot@yahoo.com

तरकारी सिजनमा मात्र पाक्थ्यो । तर अन्य घरको दाँजोमा सफा सुग्घर थियो । त्यसैले ठूलो दाई केशव जंग शाह स्कुलमै शिक्षक भएको र ग्रेग सरलाई बसाउने अन्य विकल्प नदेखी मुवा समक्ष प्रस्ताव राखिबक्सियो ।

'म्लेक्ष देशको मान्छे .....। नरक परिने पो हो कि ?' धर्म, जात, स्वर्ग, नरकले जरा गाडेको समाज, मानसिकताले गर्दा मुवाले सिधै प्रस्तावलाई इन्कार नगरी नरक परिने त्रास देखाइबक्सियो ।

'भान्साभित्र पस्दैनन् । भान्सा बाहिर खान्छन् । उनले खाएका भाँडाकुँडा कान्छा (कामदार) ले माझिहाल्छ । रह्यो नरक परिने कुरा । असल काम गर्दा नरक परिने रहेछ भने पनि नरकै परौँला ।' दाइले जिद्दी नै गरिबक्सियो ।

लामो गलफतीपछि ग्रेग सर हाम्रै घरमा बस्न थाले । हाम्रै भान्सामा जे पाक्छ त्यही खान थाले । कुर्सीमा बसी, काँटाचम्चाले खाएको मान्छे । त्यो ठाउँमा कहाँको टेबुल, कहाँको काँटाचम्चा ? काठको पिर्कामा बसी हातैले सपासप पार्न थाले ।

यसरी आटोढिँडो खाएरै चार वर्ष हामीसँगै बसे । एउटै परिवार भएर बसे । नमीठो भनेनन् । जे दियो, त्यही स्वाद मानेर खाए । अझ त्योभन्दा बढी गणित र विज्ञानको शिक्षक नपाइने समयमा शिक्षादान दिए । जिल्लाको संस्कृति, खास गरी धामीझाँक्रीका विषयमा देशलाई मात्र नभई विश्वलाई चिनाउन मद्दत गरे । यो गुण जिल्लाले सदियौँसम्म भुल्ने छैन ।

यस्ता सरको मृत्युले मलाईसमेत जिल्लाबासीलाई उनले जिल्लालाई गरेको माया, प्रेम, सद्भाव सम्झिन बाध्य बनाएको छ । बन्धुबान्धवसरि उनको सरल, शालीन व्यक्तित्व दिमागमा घुमिरहेको छ ।

आत्माको चिरशान्तिको कामना ।

समाप्त



**दिलीप शाह** (२०१६ वि.स.) जाजरकोट खलङ्गा निवासी हुनुहुन्छ । वि.एस्सी (कृषि), बेंगलोर र एमए समाजशास्त्र विषयमा त्रिभुवन विश्वविद्यालयबाट शिक्षा लिनु भएको छ । पेशाले उहाँ कृषक हुनुहुन्छ । उहाँको साहित्यको क्षत्रमा ठूलो योगदान रहेकोछ । उहांबाट सृजना भएका र प्रकाशित कृतिहरु यस प्रकार रहेका छन् : मौन धारण (कथा संग्रह ),२०६४ साझा प्रकाशन । जालो (लघुकथासङ्गग्रह), २०६६ विवेक सर्जनशिल प्रकाशन प्रा.लि. । श्रद्धासुमन (कथासङ्ग्रह), २०६८ साझा प्रकाशन । मुर्दार काठमान्डु (कथासङ्ग्रह ), २०६९ साझा प्रकाशन । बघिनी (कथासङ्ग्रह), २०७० याम्बुरी बुक प्वाइन्ट प्रा.लि. । चियर्स (कथासङ्ग्रह), २०७५ । भुँडीपुराण प्रकाशन । उहाँले भ्रमण गर्नु भएका देशहरु यस प्रकार छन् : भारत, श्रीलङ्का, भियतनाम, थाइलैड, बहराइन, इजरेल । उहाँको साहित्यीक कार्यको प्रशसा गर्दै एनएलजी कला श्री सिर्जना पुरस्कार, २०७१ प्रदान गरिएको छ । उहाँ त्रिभुवन माध्यमिक विद्यालय, जाजरकोटबाट २०३१ सालमा पहिलो पटक प्रकाशित 'मालिका' भित्ते पत्रिकाको सम्पादकहरुमध्य एक, ख) २०३५ सालमा गठन भएको युवा साहित्यिक जमात, नेपालगञ्जको सक्रिय सदस्य । यसले लघु कथा, लघु कविताजस्ता विधामा 'नवरत्न' गोजी पत्रिका प्रकाशन गरेको थियो ।, ग) २०७१ पुषसम्म कृषि विकास बैंकबाट प्रकाशित हुने .'समष्टि' द्वैमासिकको सम्पादक मण्डलको सदस्य, र घ) नेपाल स्रष्टा समाजको आजीवन सदस्य हुनुहुन्छ ।

**Email:** dilip.shah_jajarkot@yahoo.com